**कार्यपालिका बैठकका प्रस्तावहरु:-**

१ नगरपालिका अन्तर्गतका सवारी साधन सञ्चालन सम्बन्धमा ।

२ फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

३ टोल विकास संस्था गठन गर्ने गराउने सम्बन्धमा ।

४ राजश्व संकलन तथा व्यवस्थापन सम्बन्धमा ।

५ स्थानीय दररेट सम्बन्धमा ।

६ खोला तथा खानीहरुको ढुङ्गा, बालुवा, गिट्टि उत्खनन गर्नका लागि IEE गर्ने सम्बन्धमा ।

७ अनुगमन समिति गठन सम्बन्धमा।

८ विविध सम्बन्धमा ।

क. कृषि सम्वन्धीः मासुजाँच सहजीकरण कार्यक्रम, कृत्रिम गर्भाधान, रैथाने बाली प्रवर्धन कार्यक्रम ।

ख. स्थानीय तह स्वास्थ्य विमा संयोजन समिति गठन सम्बन्धमा ।

ग. प्रदेशबाट प्राप्त समानीकरण र राजश्ववाँडफाँडको बजेट सम्बन्धमा ।

घ. एक्साभेटर मेशिन, ट्र्याक्टरको दररेट र चालक एवं हेल्पर सम्वन्धमा ।

ङ. सडक क्षेत्रमा बनेका संरचना हटाउने सम्वन्धमा ।

च ठूलीभेरी नदीको किनारमा अनियन्त्रित रुपमा रहेको फोहरमैला सम्वन्धमा

ज सवारी साधन सञ्चालन समन्वय समिति गठन सम्वन्धमा ।

झ नगर कार्यपालिकाको नियमित बैठक सम्बन्धमा ।

ञ नगरपालिकाले गत विगत बर्षहरुमा निर्माण गरेका संरचनाहरुको जग्गा खोजी गर्ने सहजिकरण समिति गठन गर्ने सम्वन्धमा ।

ट मेयरकप फूटवल र भलिवल प्रतियोगिता सञ्चालन सम्वन्धमा ।

## निर्णयहरु

**निर्णय नं १**

यस ठूलीभेरी नगरपालिका नगर कार्यपालिका कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुमा रहेका सबै सरकारी सवारी साधन एक्साभेटर मेशिन ट्रयाक्टर मोटरसाइकल सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०७९ पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं २**

यस नगरपालिकाले हिजो मिति २०७९ चैत्र २५ गतेबाट औपचारिक रुपमा फोहोरमैला व्यवस्थापनको कार्य थालनी गरेको व्यहोरा सबैमा अवगत गराउन चाहान्छौ । व्यवस्थापनका क्रममा दुनै बजारको फोहरलाई धुपीचौरमा रहेको सरसफाइ केन्द्रमा र जुफालमा रहेको फोहरलाई डारिम बिसौनामा व्यवस्थापन गर्ने र फोहर उत्सर्जन गर्ने घर पसल व्यवसाय सरकारी कार्यालय आदिका लागि कार्यविधि बमोजिम निर्धारण गरिएको सेवाशुल्क उठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ३**

सम्पूर्ण वडाहरुले आफ्नो वडाभित्रको करीब ५० घरधुरीलाई समेट्ने गरी टोल विकास संस्था गठन गर्ने र टोलका माध्यमबाट विकास निर्माण, सामाजिक परिचालन, सचेतना, फोहरमैला व्यवस्थापन आदि कार्य गर्ने गराउने अभ्यासको थालनी गर्ने सर्वसम्मत निर्णय गरियो

**निर्णय नं ४**

यस नगरपालिकाले संकलन गर्न सक्ने राजश्वको दायरालाई फराकिलो पार्ने घरनक्सापास , सम्पत्ती कर जस्ता राजश्व संकलनका क्षेत्रलाई प्रभावकारी बनाउनका लागि यथाशिघ्र पहल गर्ने हाललाई व्यवसाय कर अभियान सञ्चालन गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ५**

यस नगरपालिकाले चालु आर्थिक बर्ष २०७९।८० को विकास निर्माण कार्यका लागि जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेट र संघीय विभाग र मन्त्रालयबाट निर्धारण भएको नर्म्सलाई नै स्थानीय दररेट र नर्म्सको रुपमा निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ६**

यस नगरपालिका क्षेत्रमा रहेको ठूली भेरी नदीको ढुङ्गा गिटी वालुवा लगायतको नदिजन्य पदार्थ उत्खनन् संकलन र बिक्रिवितरणका लागि खोलाको IEE गर्नका लागि प्रकृया अघि बढाउने तथा माटो ढुङ्गा स्लेट आदि खानीहरुको उत्खनन गर्नका लागि पनि सम्वन्धित व्यक्ति वा संस्थाले प्रचलित कानूनको पालना गर्दै IEE पास गरी नगरपालिकालाई बुझाउनुपर्ने राजश्व बुझाएर मात्र उत्खनन् गर्न सक्ने व्यवस्था गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ७**

यस नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण आयोजनाहरुको अनुगमन तथा सुपरीवेक्षण गर्न देहाय बमोजिमको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

१ नगर उपप्रमुख छिरिङ्ग टोल्मा महत संयोजक
२ कार्यपालिका सदस्य भीम बहादुर रोकाया सदस्य
३ कार्यपालिका सदस्य महिला दिल माया वि.क. सदस्य
४ प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्साल सदस्य
५ योजना शाखा प्रमुख मान बहादुर खड्का सदस्यसचिव

**विविध**

**निर्णय नं ८**

कृषितर्फ प्राप्त संघीय ससर्त कार्यक्रम मध्ये मासुजाँच सहजीकरण कार्यक्रम, कृत्रिम गर्भाधान कार्यक्रम र रैथाने बाली प्रवर्धन कार्यक्रम छनौट र कार्यान्वयनका लागि १५ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्वास्थ्य विमा बोर्ड कर्णाली प्रदेशको प्राप्त पत्रानुसार र स्थानीय तह स्वास्थ्य वीमा समिति गठन सम्वन्धी कार्यविधि २०७८ बमोजिम देहाय बमोजिमको स्थानीय तह स्वास्थ्य वीमा संयोजन समिति गठन गर्ने निर्णय गरियो ।

१ नगर प्रमुख श्ववर्ण कुमार बुढा संयोजक
२ वडाध्यक्ष वडा नं६ तेजेन्द्र कार्की सदस्य
३ डा अखण्ड उपाध्याय सेवा प्रदायकबाट सदस्य
४ दत्त बहादुर बुढा स्वास्थ्य क्षेत्रको अनुभव सदस्य

५ गोमा रोकाया महिला स्वयंसेविका सदस्य

६ खड्क बहादुर बुढा स्वास्थ्य शाखा प्रमुख सदस्य

७ राजन कुमार डाँगी दर्ता अधिकारी सदस्य

८ सुकदेव लम्साल प्रमुख प्रशासकीय अधिकृत सदस्य

**निर्णय नं १०**

प्रदेश सरकारबाट प्राप्त समानीकरणतर्फको बजेट र राजश्ववाँडफाँडको बजेटबाट सुत्रमा प्रविष्ट भएबमोजिमको क्षेत्रमा विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ११**

यस नगरपालिकामा चालु आ ब २०७९।८० मा खरीद भएको एक्साभेटर मेशिन र ट्रयाक्टरको उच्चतम सदुपयोगको लागि मेशिन, ट्रयाक्टर, मोटर साइकल सञ्चालन कार्यविधि २०७९ बमोजिम देहाय को दररेट निर्धारण गर्ने साथै चालक र हेल्परको हकमा देहाय बमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रतिघण्टा दर,

| | |
|---|---|
| बकेट प्रतिघण्टा | - ९,०००। |
| ब्रेकर प्रतिघण्टा | - ११,५००। |
| मेशिन चालकको पारिश्रमिक मासिक | - २६हजार भत्ता प्रतिघण्टा ३सय |
| मेशिन हेल्परको पारिश्रमिक मासिक | - २२ हजार |
| ट्रयाक्टर भाडा | - प्रचलित दररेट अनुसार |
| ट्रयाक्टर चालकको पारिश्रमिक | - २६ हजार मासिक |
| ट्रयाक्टर हेल्परको पारिश्रमिक | - २२ हजार मासिक |

हाल मेशिनमा काम गरिरहेका परिवर्तन गाउँपालिका वडा नं २ बस्ने बर्ष २५को चालक श्री मदन डाँगी र ठूली भेरी नगरपालिका वडा नं ६ बस्ने बर्ष २६को हेल्पर श्री पूर्ण बहादुर बुढा तथा ट्रयाक्टरमा काम गरिराखेका डुडुवा गाउँपालिका ५ वस्ने बर्ष २६ को चालक श्री सन्तोष कामी र ठूलीभेरी नगरपालिका वडा नं ६ बस्ने बर्ष ३१को हेल्पर श्री दल प्रसाद रोकाय लाई असार मसान्तसम्मका लागि ज्यालादारीमा सम्झौता गर्ने र श्रावणबाट नयाँ प्रकृया बमोजिम अघि बढ्ने निर्णय गरियो ।

**निर्णय नं १२**

ठूलीभेरी नगरपालिका वडा नं ७ डोल्पाको ***माउण्ट पुथा होटल बाट गाउँ हुदै घट्टखोलासम्म*** सडक निर्माण गर्न भवन तथा सघन शहरी आयोजना कार्यालय जुम्लाबाट योजना स्वीकृत भइ टेण्डर प्रकृया सम्पन्न गरी कार्यदिश समेत प्रदान गरिसकेकोले

सोको सहजीकरणका लागि आजैका मितिदेखी १५ दिनभित्र उक्त सडक क्षेत्रमा रहेका सबै प्रकारका संरचनाहरु हटाइदिन सम्वन्धित घर भवन सं रचना धनीलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं १३**

यस ठूलीभेरी नगरपालिकाले हिजो मिति २०७९।१२।२५ गते देखी नगरको मुख्य मुख्य बजार क्षेत्र दुनै र जुफालको फोहरमैला व्यवस्थापनको कार्य प्रारम्भ गरिसकेको अवस्थामा दुनै बजारको पछाडि ठूलीभेरी नदीको किनारमा अनियन्त्रित रुपमा फोहरमैला जम्मा गरी दुर्गन्धित र प्रदुषित बातावरण बनेको देखिएकोले सम्वन्धित घर पसल धनीले आफ्नो घरपसल पछाडिको नदी किनारको फोहर जलाउने, गाड्ने लगायतका कार्य गरी फोहरको उचित व्यवस्थापन गर्नुहुन अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं १४**

यस नगरपालिकाको मेशिन, ट्र्याक्टर, मोटर साइकल सञ्चालन कार्यविधि २०७९ को दफा ९ को उपदफा १ बमोजिम देहाय बमोजिमको सवारी साधन सञ्चालन समन्वय समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| | | |
|---|---|---|
| १ | मनराम ठकुल्ला | संयोजक |
| २ | कमल बहादुर क्षेत्री | सदस्य |
| ३ | माधव शाही | सदस्य सचिव |

**निर्णय नं १५**

यस ठूलीभेरी नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक हरेक महिनाको अन्तिम आइतबार बस्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं १६**

यस ठूलीभेरी नगरपालिकाले यस अघि विभिन्न मितिमा विभिन्न संरचनाहरु निर्माण गरेकोमा संरचना रहेको जग्गा हालसम्म पनि नगरपालिकाको नाममा दाखिल खारेज नभएकोले सबैखाले त्यस्ता संरचनाहरुको अवस्था बुझि आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न र उक्त जग्गाहरु पास गर्ने पहल गर्न देहाय बमोजिमको सहजिकरण समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

देहाय

| | |
|---|---|
| १ कमल बहादुर क्षेत्री | संयोजक |
| २ ध्रुव बिक्रम शाही | सदस्य |

| | |
|---|---|
| ३ पुतली देवी महतरा | सदस्य |
| ४ तेजेन्द्र रोकाया | सदस्य |
| ५ मनराम ठकुल्ला | सदस्य |
| ६ बिष्णु कुमारी डाँगी | सदस्य |
| ७ छुयुङ लामा | सदस्य-सचिव |

<u>**निर्णय नं १७**</u>

यस नगरपालिकाको नबौ नगरसभाबाट पारित मेयरकप प्रतियोगिताका लागि फूटवल र भलिवल प्रतियोगिता मात्र सञ्चालन गर्ने र उक्त प्रतियोगिता यहि मिति २०७९ साल बैशाख २ गते देखी दुनै बजार स्थित रङ्गशालामा सञ्चालन गर्ने साथै उक्त कार्यक्रम सञ्चालनका लागि वडा नं १ का वडाध्यक्ष तेजेन्द्र बहादुर रोकायालाई संयोजक तोक्ने सर्वसम्मत निर्णय गरियो । प्रतियोगिताका लागि देहाय बमोजिमको पुरस्कारको व्यवस्था गर्ने । उक्त कार्यक्रमका लागि नबौ नगरसभाबाट बिनियोजित रकम रु ५ लाख अपुग हुने भएकाले विविध शिर्षकबाट भुक्तानी हुने गरी रु ३ लाख थप गरी जम्मा रकम रु ८ लाखको मेयर कप प्रतियोगिता आयोजना गर्ने निर्णय गरियो ।

देहायः

<u>फूटबलतर्फ</u>

प्रथम पुरस्कार रु ११५००।

द्धितीय पुरस्कार रु ७१०००।

तृतीय पुरस्कार रु ५१०००।

<u>भलिबलतर्फ</u>

प्रथम पुरस्कार रु ११५०००।

द्धितीय पुरस्कार रु ७१०००।

तृतीय पुरस्कार रु ५१०००।

नोटः पुरस्कार रकममा २५ %कर लाग्नेछ ।